# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरू गरियो।

| क्र.सं. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुर्दावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्ति बहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ्ग | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सदस्य-सचिव | श्री कमल गौतम | |

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

**प्रस्तावहरुः**

१ अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

२ रकमान्तरण सम्बन्धमा।

३ योजनाको नाम संशोधन सम्बन्धमा।

४ अस्थायी, करार कर्मचारीहरुको करार नविकरण सम्बन्धमा।

५ बेरुजु नियमित सम्बन्धमा।

६ चैनपुर नगर अस्पताल विधेयक, २०८१ सम्बन्धमा।

७ नयाँ योजना माग सम्बन्धमा।

८ विविध सम्बन्धमा।

- क. विभिन्न समितिको प्रतिवेदन सम्बन्धमा।
- ख. अधिकार प्रत्यायोजन सम्बन्धमा।
- ग. नवज्योति खेल मैदान विस्तार सम्बन्धमा।
- घ. भ्रमण स्वीकृति सम्बन्धमा।
- ङ. रोजगार संवाद मञ्च सम्बन्धि कार्यविधि सम्बन्धमा।
- च. प्र.म.रो.का अन्तर्गत सञ्चालन गरिने आयोजना सम्बन्धमा।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

**निर्णयहरु**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८१ माघ १८ गते भएका का.पा. बैठक निर्णय संख्याः ११ (सात) लाई अनुमोदन गर्दै निम्न अनुसार समिक्षा गरी निर्णय कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरूलाई प्रभावकारी कार्यान्वयनमा जोड दिने निर्णय गरियो।

निम्नः

- निर्णय नं. २ र ४ पुर्ण रुपमा कार्यान्वयन भएको।
- निर्णय नं. १ को तयारी तिव्र रहेको।
- निर्णय ३, ५, ६ र ८ प्रशासनिक प्रक्रियामा रहेको।
- निर्णय ७ को कार्यान्वयन भई सार्वजनिक लेखा समितिका सदस्य सचिव सहितको बैठकले बेरुजु नियमितको प्रतिवेदन समेत उपलब्ध गराएको।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको पन्ध्रौं नगर सभाले विनियोजन गरेका शीर्षकलाई सोह्रौं नगर सभामा तपसिल अनुसारको शीर्षकमा रकमान्तर स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | सि.नं. | खर्च शीर्षक | रकम (रु) | संशोधित खर्च शीर्षक | रकम (रु) | शाखा/वडा | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | २९६ | मगरडाँडा याङसिजुङ गुफापोखरी सडकको सेखुवा खोलामा मोटरेबल पुलको डि.पि.आर. | १,००,०००।- | छाँगे खहरे विच सिँचाई कुलो मर्मत संभार | १,००,०००।- | वडा नं. १ | |
| २ | ३२५ | प्र.म.रो. कार्यक्रम (ढुङ्गा तथा औजार खरिद खर्च) | २,५०,०००।- | निर्माणाधीन वडा कार्यालयको ग्राउण्ड तयार र व्यवस्थापन | २,५०,०००।- | वडा नं. २ | |
| ३ | ३१२ | मलामी पाटी निर्माण टिन खरिद गुफाडाँडा | ५०,०००।- | डुबेनी जोर कुलो च्यानडाडा मलामी पाटि निर्माण र व्यवस्थापन | ५०,०००।- | | |
| ४ | ३०५ | संखुवा आधारभूत विद्यालय तुपुवा कम्प्युटर प्रिन्टर खरिद | १,००,०००।- | निर्माणाधीन वडा कार्यालयको ग्राउण्ड तयार र व्यवस्थापन | १,००,०००।- | | |
| ५ | ३१३ | पर्यटन प्रवर्द्धन कार्यक्रम | २,००,०००।- | सिरानटार पिकनिक पार्क बुद्धको मुर्ती राख्ने ठाउँको व्यवस्थापन र किचन घर निर्माण | २,००,०००।- | | |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ३३२ | प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि ढुँगा खरिद सडक सोलिङ कार्य | ३,००,०००।- मध्ये १,५०,०००।- | पोखरी भाङटार सडक स्तरन्नोती | १,५०,०००।- | वडा नं. ३ | |
| ७ | ३५८ | अन्य सामाजिक सुरक्षा तथा साझेदारी कार्यक्रम | २,०८,०००।- | बतासे विचगाउँ कुलो मर्मत | ९०,०००।- | वडा नं. ४ | |
| | | | | बिभिन्न जाताजातीको पर्व, धर्म, भाषा, लिपि संरक्षण तथा प्रवद्धन | ८३,०००।- | | |
| | | | | श्री सिंहश्वरी आ.वि. कोक्सा चैनपुर उप-शाखा जु.रे.स. गोष्ठी | २०,०००।- | | |
| | | | | मिवा मैवा याक्थुम क्लब बतासे भवन मर्मत तथा घेरावारा | १५,०००।- | | |
| ८ | ३७८ | अन्य सामाजिक सुरक्षा तथा साझेदारी कार्यक्रमहरु | २,००,०००।- | कार्यालय मर्मत संभार | ९०,०००।- | वडा नं. ५ | |
| | | | | युवा तथा खेलकुद विकास कार्यक्रम | १,१०,०००।- | | |
| ९ | ४०० | टोल बिकास संस्था व्यवस्थापन | १,००,०००।- | सिम्ले बस्ती ढलान | ३,५०,०००।- | वडा नं. ६ | सि.नं. ४०० बाट ५० हजार, सि.नं. ४०५ बाट १ लाख ५० हजार र सि.नं. ४०७ बाट १ लाख ५० हजार गरी जम्मा ३ लाख ५० हजार |
| १० | ४०५ | खानेपानी व्यवस्थापन वडा नं. ६ | ३,००,०००।- | | | | |
| ११ | ४०७ | मठमन्दिर व्यवस्थापन | २,५०,०००।- | | | | |
| १२ | ४३० | अन्य सामाजिक सुरक्षा तथा साझेदारी कार्यक्रमहरु | ५०,०००।- | विशेष नापी कार्यालय २ नं. नापी टोली कार्यालयको प्रिन्टर खरिद | १,००,०००।- | | |
| १३ | ४३१ | राष्ट्रिय तथा स्थानीय पर्व | ५०,०००।- | | | | |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १२

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | ४२८ | अपाङ्गता लक्षित कार्यक्रम | १ लाख मध्येबाट ७९,०००।- | ईलाका प्रशासन कार्यालय जाने बाटो ढलान | १,०९,०००।- | वडा नं. ७ | |
| १५ | ४३२ | खानेपानी मर्मत तथा सम्भार | ५० हजार मध्येबाट ३०,०००।- | | | | |
| १६ | ४६३ | भगवती आ.वि. घोर्ले विद्यालयको अधुरो भवन निर्माण | ५,००,०००।- | भगवती आ.वि. घोर्ले विद्यालयको अधुरो भवन निर्माण | ६,००,०००।- | वडा नं. ९ | सि.नं. ४५८ बाट १ लाख घटाएर सि.नं. ४६३ मा १ लाख थपिएको |
| १७ | ४५८ | वडा नं. ९ भित्र खानेपानी व्यवस्थापन | ८,००,०००।- | वडा नं. ९ भित्र खानेपानी व्यवस्थापन | ७,००,०००।- | | |
| १८ | ५०६ | देउराली काफल डाँडा कोसेढुङ्गा संरक्षण | ५०,०००।- | कुटेबारी कुवा मर्मत तथा संभार | ५०,०००।- | वडा नं. १० | |
| १९ | ५१८ | सिरमाने खर्कबारी टोलमा आँपचौरदेखी खोल्सीटार सम्मको बाटो ट्र्याक ओपन | १,००,०००।- | सिरमाने खर्कबारी टोल विकास संस्थाका लागि सिप्लेस जातको लिचीको बिरुवा खरिद | १,००,०००।- | वडा नं. ११ | |
| २० | ५२० | शिवालय टोल विकास संस्थाको लागि फर्निचर खरिद | २,००,०००।- | शिवालय टोल विकास संस्थाको लागि फर्निचर खरिद | १,००,०००।- | वडा नं. ११ | |
| | | | | शिवालय टोल विकास संस्थाको लागि मेकाडेमिया नटको विरुवा खरिद | १,००,०००।- | | |
| २१ | १७६ | शिक्षा स्रोत व्यक्ति | ३,६४,०००।- | प्रधानाध्यक बैठक थप | ७४,०००।- | शिक्षा तर्फको | सि.नं. १७६, १९१ र १८१ को रकम रकमान्तर गरी नयाँ पाँच वटा संशोधित |
| | १९१ | नगर शिक्षा योजना र बजेट कार्यान्वयन निर्देशिका निर्माण | १०,०००।- | शैक्षिक अवलोकन भ्रमण/क्षमता विकास कार्यक्रम थप | ५०,०००।- | | |
| | १८१ | विद्यालय व्यवस्थापन समिति/शिअस अन्तरक्रिया/अभिमुखिकरण/बैठक | १,००,०००।- | वाणिविलास मा.वि लेखा शिक्षक शिक्षण तलब अनुदान | २,००,०००।- | | |
| | | | | सुर्योदय आ.वि. चैनपुर न.पा -५ | ५०,०००।- | | |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | दरबन्दी मिलान तथा व्यवस्थापन | १,००,०००।- | | खर्च शिर्षक राखिएको |
| २२ | १९९ | मार्सल आर्ट सम्बन्धी राष्ट्रपति रनिङ शिल्ड लक्षित खेल प्रशिक्षण | ७५,०००।- | स्थानीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितामा विद्यालयलाई विद्यार्थी सहभागिता निर्वाह खर्च | ७५,०००।- | युवा तथा खेलकुद तर्फ | |
| २३ | २०३ | खेलकुद शिक्षक प्रशिक्षण | १,००,०००।- | खेलकुद सामाग्री खरिद गरी वितरण | १,००,०००।- | युवा तथा खेलकुद तर्फ | |
| २४ | २०६ | कार्यक्रम कार्यान्वियन कार्यविधि निर्माण | ५,०००।- | स्थानीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १,२०,०००।- | युवा तथा खेलकुद तर्फ | सि.नं. २०६ र २१० को बजेट संशोधन गरी नयाँ तिन खर्च शिर्षक थपिएको |
| | २१० | विभिन्न दिवसका अवसरमा हुने विद्यार्थी खेलकुद कार्यक्रम | २,२०,०००।- | जिल्ला राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विद्यार्थी सहभागी थप | ५०,०००।- | | |
| | | | | शिक्षक भलिबल प्रतियोगिता | ५५,०००।- | | |
| २५ | २३६ | संखुवासभा बहुमुखी क्याम्पसका विद्यार्थीलाई कम्प्युटर तालिम कार्यक्रम | २,००,०००।- | लोकसेवा/शिक्षकसेवा आयोग तयारी कक्षा अभिमुखिकरण कार्यक्रम | ४,००,०००।- | महिला विकास तथा समाज कल्याण शाखा | |
| | २३७ | लोकसेवा/शिक्षकसेवा आयोग तयारी कक्षा अभिमुखिकरण कार्यक्रम | २,००,०००।- | | | | |
| २६ | २४७ | प्रतिभाको खोजी कार्यक्रम | २,००,०००।- | प्रतिभाको खोजी कार्यक्रम (तहगत रुपमा विद्यालयको विद्यार्थीको चित्रलेखन, तह रुपमा सर्वोत्कृष्ट अंक प्राप्त विद्यार्थीलाई प्रोत्साहन) | २,००,०००।- | महिला विकास तथा समाज कल्याण शाखा | |
| २७ | २४१ | एकल महिलाहरुको समुहलाई व्यवसाय प्रवर्धनको लागि एडभान्स तालिम र उपकरण खरिद सहयोग | १,००,०००।- | व्यवसायिक महिलाहरुलाई व्यवसाय प्रवर्धनका लागि आर्थिक तथा उपकरण सहयोग | १,००,०००।- | महिला विकास तथा समाज कल्याण शाखा | |

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | २७० | अपाङ्गता सहायत कक्ष सञ्चालन | २,६०,०००।- | सि.नं. २६० अपाङ्गता भएको व्यक्तिहरुको लागि व्यवसाय/रोजगार प्रवर्धन अनुदान | १,६९,९२०।- | सामाजिक विकास शाखा | सि.नं. २७० बाट सि.नं. २६० मा १,१७,००० थप गरिएको |
| २९ | २६९ | अपाङ्गता भएको व्यक्तिहरुको संस्था/ओ.पि.डि. सुदृढीकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रम सञ्चालन अनुदान | १,१०,०००।- | सि.नं. २५८ सीपमुलक र व्यवसायिक तालिम | १४५,०००।- | | सि.नं. २६९ बाट सि.नं. २५८ मा ७५,०००।- थप गरिएको |
| ३० | | उद्यम विकास सहजकर्ता | ५,६४,२६०।- | प्रविधि हस्तान्तरण कार्यक्रम | २,००,०००।- | MEDPA | |
| | | | | भईरहेका उद्यमीहरुलाई प्रविधि हस्तान्तरण तथा सिलाई कटाई तालिम चैनपुर-६ | २,००,०००।- | | |
| ३१ | २८० | चैनपुर नगरपालिकाको जनसांख्यिक प्रतिवेदन | ४,००,०००।- | वडा नं. ९ वडा कार्यालयलाई बाईक खरिद | ३,५०,०००।- | प्रशासन शाखा | सि.नं. २८० को बजेट रकमान्तरण गरी सि.नं. २८१मा थप |
| | | | | सि.नं. २८१ जनप्रतिनिधि तथा कर्मचारी अध्ययन कक्ष | २,५०,०००।- | | |

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ उपर छलफल गर्दा १५ औ नगर सभाबाट स्वीकृत तपसिलका कार्यक्रमहरुको नाम संशोधनको लागि १६ औं हिउँदे नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल:

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| क्र.स. | योजनाको नाम | रकम | क्र.स. | संशोधित योजनाको नाम | रकम | १५ औं नगर सभाको निर्णय क्र.सं. |
|---|---|---|---|---|---|---|
| १ | चैनपुर वडा नम्बर-७ प्रमिला कार्कीको घरछेउमा सडकवाल निर्माण | ५,००,०००/- | १ | चैनपुर वडा नम्बर-६ प्रमिला कार्कीको घरछेउमा सडकवाल निर्माण | ५,००,०००/- | सि.नं ४०८ नगर तर्फको |
| २ | प्रकाश जोशीको घर अगाडिबाट स्कुल गेटसम्म बाटो निर्माण | १,५०,०००/- | ३ | प्रकाश जोशीको घर अगाडिबाट सरस्वती मा.वि.को गेटसम्म बाटो निर्माण वडा नम्बर -६ | १,५०,०००/- | सि.नं ३९२ ६ नम्बर वडा तर्फको |
| ३ | महादेव जाने सिढी निर्माण | ५०,००० /- | ३ | महादेव गुफा सुरङ्ग मार्ग निर्माण, वडा नम्बर -६ | ५०,००० /- | सि.नं. ३८२ वडा तर्फको |
| ४ | लामागाउँ ढुङ्गेवेशी सडक ट्याक ओपन | ५०,००० /- | ४ | चैनपुर-५ लामागाउँ ढुङ्गेवेशी हेवाखोला ट्याक ओपन | ५०,००० /- | सि.न. १०० नगर तर्फको |
| ५ | केरावारी शिवालय टोलमा सामुदायिक भवन निर्माण | ४,००,०००/- | ५ | चैपनुर -५ केरावारी शिवालय टोल विकास भवन निर्माण | ४,००,०००/- | सि.नं.१०८ नगर तर्फको |

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिकामा कार्यरत का.स.मु. पेश गरेका, म्याद थप गरिपाउँ भनि निवेदन पेश भएका आधारमा कार्यालयको निर्णयबाट म्याद थप गर्न उपयुक्त देखिएको भनि सिफारिस प्राप्त भएका अस्थायी/ सेवा करार/ कार्यक्रममा आधारित करार कर्मचारीहरुको मिति २०८२ असार मसान्तसम्म म्याद थप गर्न १६ औं नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ को बेरुजु नियमित सम्बन्धी बिषयमा दफावार छलफल गरी निम्नानुसारको निर्णय गरियो।

| क्र.स | दफा | व्यहोरा | प्रतिक्रिया(कार्यपालिकामा दफाहरु छलफल) |
|---|---|---|---|
| १ | दफा ४१ | विपद व्यवस्थापन कार्यक्रम – सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ।कार्यालयले विपत व्यवस्थापन सम्बन्धी कार्यक्रम अधिकारका लागि सहकार्य समिति मार्फत संचालन गरी रु २७५२६८ भुक्तानी दिइएकोमा कार्यक्षेत्रगत शर्त तयार नगरी कार्यालयको जनशक्तिबाट उक्त कार्यक्रम गर्न सक्ने /नसक्ने यकिन गरेको समेत देखिएन । सेवा | विपद व्यवस्थापन कार्य गर्न कार्यालयले विपत व्यवस्थापन सम्बन्धी कार्यक्रम अधिकारका लागि सहकार्य समिति मार्फत संचालन गर्न उक्त कार्यक्रम तत्काल कार्यालयले गर्न नसक्ने |

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.प्रा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | |
|---|---|---|---|
| | | प्रदायकको छनौट सम्बन्धी कार्य क्षेत्रगत शर्त तयार नगरी न्युन आर्थिक प्रस्ताव पेश गरेको आधारमा संस्था छनौट सम्बन्धी कार्य क्षेत्रगत शर्त तयार नगरी न्युन आर्थिक प्रस्ताव पेश गरेको आधारमा संस्था छनौट र सम्झौता गरी भुक्तानी दिइएकोले नियमित नदेखिएको रु २,७५,२६८। | महसुस गरी कार्यक्षेत्रगत शर्त तयार नगरी न्युन आर्थिक प्रस्ताव पेश गरेको आधारमा उक्त कार्यक्रम संचालन भएकोले उक्त अनियमित रकम समपरीक्षणका लागि लेखा समितिबाट कार्यपालिकामा पेश भएकाले उक्त रकम नियमित गर्नका लागि रु २७५२६८ हिँउदे नगरसभामा पेश गरिएको व्यहोरा अनुरोध छ। |
| २ | दफा ५१ | कोटेशन नलिएको – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४)मा एक लाख भन्दा बढीको मालसामान खरिद गर्दा ३ वटाको दरभाउ पत्र लिएर खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कक्षा ८ को परीक्षा संचालन बापत उत्तर पुस्तिका छपाई वापत शाक्य अफसेट प्रेसलाई रु १२६६१६ भुक्तानी भएकोमा सो खरिद कार्य गर्दा कोटेशन लिएको नपाईएको उक्त खर्च अनियमित देखिएको रु १,२६,६१६। | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (४) मा एक लाख भन्दा बढीको मालसामान खरिद गर्दा ३ वटाको दरभाउ पत्र लिएर भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर प्रत्येक त्रैमासिकमा उत्तर पुस्तिका छपाई गरेको र बर्षभरिको एकमुस्ट भुक्तानी माग पेश भएकाले उक्त खरिद कार्य गर्दा कोटेशन नलिएको आगामी आ.ब देखि यस कार्यमा सुधार गर्ने प्रतिबद्धता सहित अनियमित रकम सम्परीक्षणका लागि पेश भएकाले उक्त अनियमित |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२, को का.पा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | |
|---|---|---|---|
| | | | रकम रु १,२६,६१६।नियमितका लागि नगरसभामा पेश भएको अनुरोध छ। |
| ३ | दफा ५२ | शिर्षक फरक पारी खर्च- कार्यक्रम कार्यन्वयन निर्देशिका ०७९/८० अनुसार तोकिएको खर्च शिर्षकबाट खर्च लेख्नु पर्दछ। कार्यालयले दिवा खाजा कार्यक्रमको रकम सेनेटरी प्याड खरिद शिर्षकबाट भुक्तानी गरेको पाईएकाले अनियमित देखिएको रु – अनियमित रु ३५८२०२ | कार्यक्रम कार्यन्वयन निर्देशिका ०७९/८० अनुसार तोकिएको खर्च शिर्षकबाट खर्च लेख्नु पर्दछ।दिवा खाजा तलब भत्ता रकम अपुग भएमा अन्य शिर्षकबाट खर्च गर्न सकिने भनी कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएकाले सोही अनुरुप भुक्तानी गरेको र दिवा खाजा तथा तलब भत्तामा रकम निकासा नभएकाले उक्त अपुग रकम रु ३५८२०२ सो खर्च शिर्षकबाट भुक्तानी गरेको रकम नियमित गर्न नगरसभामा पेश भएको व्यहोरा अनुरोध छ। |
| ४ | दफा ७१ | कार्यालयको काम उपभोक्ता समिति मार्फत – सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा काममा मितव्ययी,गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपन हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। साथै | कार्यालयको काम उपभोक्ता समितिलाई दिई काम गरी कार्य सम्पन्न भएकाले सार्वजनिक हानी नोक्सानी नभएकाले यस्ता कार्य नगर्ने प्रतिबद्धता |

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | |
|---|---|---|---|
| | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यलयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराई देहाय अनुसारको खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धाबाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाईयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु- ५,९८,९६८। | सहित अनियमित भएको रु५९८९६८नियमित गर्नका लागि नगरसभामा पेश भएको व्यहोरा अनुरोध छ। |
| ५ | दफा ७९ | भुक्तानी बाँकीको कच्चावारी वेगर भुक्तानी –आर्थिक कार्यविधि तथा उतरदायित्व नियमावली, २०७७ को दफा ३९ (१३) मा सम्बन्धित वर्षमा बजेट नभएको कारण भुक्तानी हुन नसकेकोमा महालेखापरीक्षकबाट स्वीकृत फारम बमोजिमको ढाँचामा दिन बाँकीको कच्चावारी नराखी आ.ब.२०७८।०७९ को योजना प्रकाशेश्वर महिला सामुदायिक संस्था भवन मर्मत उ.सलाई रु २,६९,६७४। भुक्तानी दिइएको छ। यसरी भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित विवरण वेगर भुक्तानी गरेको रकम अनियमित देखिएको रु २,६९,६७४। | महालेखा परीक्षकको स्वीकृत ढाँचामा कच्चावारी नराखी आ.ब ०७८/७९ को योजना प्रकाशेश्वर महिला सामुदायिक संस्था भवनलाई भुक्तानी गरेकोमा सो योजनाको कार्य सम्पन्न नभएको र अर्को आ.ब मा मात्र सम्पन्न गरेकाले उक्त अनियमित रकम रकम रु२,६९,६७४। नियमितका लगि नगरसभामा पेश गरेको व्यहोरा अनुरोध छ। |
| ६ | दफा ८७ | एम्बुलेन्स खरिद- सार्वजिनक खरिद नियमावली, २०६४ नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने भनी उल्लेख गरेको छ। सोही नियमावलीको ३१ ख उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ) विधिबाट गरिने खरिदको कार्यविधि रहेको छ। पालिका अन्तर्गतका वडा कार्यालयले | तोकिएको दररेटमा नै खरिद गरेको र क्याटलग अनुसारको रकम भन्दा बढी भुक्तानी नभएको उक्त एम्बुलेन्स नगरपालिकाले खरिद गर्नुपर्नेमा वडाले खरिद गरेको साथै |

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.प्रा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | |
|---|---|---|---|
| | | यस आर्थिक वर्षमा अग्नि इन्कर्पोरेट प्रा.लि काठमाण्डौबाट सोझै रुपमा एम्बुलेन्स खरिद गरी पालिकाले रु १६,००,०००। भुक्तानी दिइएको छ । नियमावलीमा भएको व्यवस्था विपरीत सोझै रुपमा खरिद गर्ने कार्य अनियमित भएको पालिकाले वडास्तरीय कार्यक्रमहरु सञ्चालन अन्तर्गत सामाग्री खरिद तथा वितरणसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्दा वडा कार्यालय आफै खरिदमा संलग्न भएको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार वडा कार्यालयलाई छुट्टै खर्च गर्ने इकाइको रुपमा रहेको सम्बन्धमा वडा कार्यालयहरु सो मातहातको सेवा प्रवाह इकाइको रुपमा रहेको सम्बन्धमा वडा कार्यालय स्वयमले खरिद कार्यमा संलग्न हुनु उचित देखिएन । सामाग्री खरिद सँग सम्बन्धित कार्यक्रमहरु पालिका केन्द्रले बार्षिक खरिद योजना अनुसार प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्दछ। अनियमित रु १६,००,०००। | नगरपालिकाले वडालाई अनुदान रकम उपलब्ध गराई खरिद गरेको यस्ता गतिबिधि नगर्ने प्रतिबद्धता सहित अनियमित रकम रु १६००००० नियमितका लागि नगरसभामा पेश गरेको व्यहोरा अनुरोध छ । |
| ७ | दफा ९२ | फोहोरमैला व्यवस्थापन- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ ञ वातारण र संरक्षण तथा वातावरणीय जोखिम न्युनिकरणका सम्बन्धमा स्थानीय तहको काम कर्तव्य र अधिकार उल्लेख छ । फोहोरमैला व्यवस्थापन गर्ने गरी विनियोजित बजेटबाट आफ्नो क्षेत्रबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि विसर्जन स्थलको व्यवस्था गर्नुपर्नेमा जग्गाको व्यवस्थापन नभएको जनाई स्थानीय सडक बाटो स्तरोन्नति लगायतको कार्यमा संघीय शसर्तबाट विनियोजित बजेट रु १५ लाख ६२ हजार खर्च गरेकाले फोहोरमैला व्यवस्थापन गर्ने कार्यमा खर्च नभएकोले खर्चमा प्रभावकारिता नदेखिएको अनियिमित भएको रु १५,६२,०००। | फोहोरमैला व्यवस्थापन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ ञ वातावरण संरक्षण तथा वातावरणीय जोखिम न्युनिकरणका सम्बन्धमा स्थानीय तहको काम कर्तव्य र अधिकार उल्लेख छ। फोहोरमैला व्यवस्थापनका लागि विसर्जन स्थलको व्यवस्था गरी खरिद प्रक्रिया अगाडी बढाई मन्त्रालयसँग स्वीकृत समेत माग गरेको र मन्त्रालयको स्वीकृत र रजिष्ट्रेसन कार्य ढिला भएको तर रकम सुनिश्चित भै सकेकाले |

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | |
|---|---|---|---|
| | | | फोहोरमैला स्थल जाने बाटो नभएकाले बाटो निर्माण गरिएकाले जुन प्रक्रियाले सार्वजनिक हानी नोक्सानी नभएकाले उक्त रकम रु १५६२००० नियमित गर्नका लागि सभामा पेश गरेको। |
| ८ | दफा ९५ | जिल्ला अदातल कम्पाउन्ड निर्माण – संघीय सरकार वा प्रदेश सरकारबाट अख्तियारी सहित प्राप्त वा स्थानीय तहका आफ्नै कार्यक्रम सञ्चालन गर्दा ती कार्यक्रम र अख्तियारीमा तोकिएको शर्त तरिका बमोजिम खर्च गर्नुपर्दछ। पालिकाले यस बर्ष सङ्खुवासभा जिल्ला अदालत कम्पाउन्डमा ब्लक छापी निर्माण बापत रु ४,९९,७९२। उपलब्ध गराएको छ। अन्य सरकारी कार्यालयहरुले खर्च तालुक निकायमा मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन। यसरी खर्च गर्दा पालिकाको आफ्नो बिकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ। अत; छुट्टै अस्तित्व र बजेट व्यस्था भएका देहायका कार्यालय तथा संघसंस्थाहरुलाई विभिन्न कामका लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु अनियमित भएको रु ४,९९,७९२। | पालिकाकाको प्राविधिक ग्रई लागत अनुमान तयार गरी खर्च गरिएको साथै कार्य सम्पन्न भएको हुँदा सो खर्च दोहोरो नभएको साथै यस किसिमको बेरुजु रु ४९९७९२ नियमितताको लागि नगरसभामा पेश गरेको व्यहोरा अनुरोध छ। |
| ९ | दफा १०० | स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन २०७९/८० को मातृ तथा नवशिशु कार्यक्रममा वर्थिङ्ग सेन्टरमा चौबीसे घन्टा काम गरे बापत स्वास्थ्यकर्मिहरुलाई रु १५० का दरले पारिश्रमिक उपलब्ध गराएको मा सो कार्यक्रम मातृ तथा नवशिशु कार्यक्रममा नभएको उक्त खर्च अनियमित देखिएको रु ३,२४,४००। | मातृ तथा नवशिशु कार्यक्रममा वर्थिङ सेन्टरमा चौबीसे घन्टा काम गरे बापत स्वास्थ्यकर्मिहरुलाई रु १५० का दरले पारिश्रमिक उपलब्ध गराएकोमा यस अघि पनि यसै कार्यक्रमबाट भुक्तानी हुने |

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | |
|---|---|---|---|
| | | | गरेको र यो रकम भुक्तानी गर्न अरु कुनै शिर्षक मनासिव नदेखिएको हुँदा स्वास्थ्य मन्त्रालयबाट रात्रीकालीन सेवा बापत नर्सिङ कर्मचारीलाई दैनिक रु १५० का दरले दिने पत्र अनुसार उपलब्ध गराउँदै आएकोमा अब मन्त्रालयको निर्देशनमा रही सोही अनुरुप गर्ने प्रतिबद्धता सहित कार्यपालिकाले सो अनियमित रकम रु ३२४४००नियमितका लागि नगर सभामा पेश गरेको व्यहोरा अनुरोध छ। |
| १० | दफा ११२ | शिर्षक फरक पारी खर्च-आर्थिक कार्यविधि नियमावली २०६४ को ३५(३) कुनै उपशिर्षकमा विनियोजित एक समुहको खर्च शिर्षकमा रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सो को स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को समूहको खर्च शिर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिनभित्र त्यसरी खर्च गरेको रकम नियम ३८ बमोजिम नियमित गराउनुपर्ने व्यवस्था छ। फरक शिर्षकबाट खर्च लेखेको रकम अनियमित भएको रु १६,९२,२६२ हेवाखोला झो.पु तथा सुरक्षित नागरिक आवास र संखुवासभा खानेपानी योजनाको रकम पाईपलाइन विस्तार योजनामा रु १५,९९,८५४ र स्थानीय स्वास्थ्य चौकी प्रा.स्वा.के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब मंहगी, भत्ता ,स्थानीय भत्ता, पोषक लगायत प्रशासनिक खर्च | संघीय हस्तान्तरण कार्यक्रम सशर्तका कार्यक्रम बार्षिक बजेटमा आ.ब.को सुरुमा भएतापनि ठेक्का प्रक्रिया अगाडि बढेपछी बजेट कटौती भएकाले सोही श्रोतको खर्च नहुने शिर्षकबाट खर्च टिप्पणीका आधारमा गरेकाले अनियमित भएको रु १६९२२६२ नियमित गर्न नगरपालिका समक्ष पेश भएको व्यहोरा अनुरोध छ। |

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

| | | | |
|---|---|---|---|
| | | समेत बाट पुजा आधुनिक फर्निचर उद्योगलाई रु ९२,४०८ गरी जम्मा १६,९१,४९२ | |
| जम्मा | | रु ७३,०७,१८२ | रु ७३,०७,१८२ |

सार्वजनिक लेखा समितिबाट प्राप्त भएका अनियमित देखिएका आ.ब.०७९/८० का दफाहरु क्रमश ४१,५१, ५२, ७१, ७९, ८७ ,९२, ९५, १०० र ११२ कार्यपालिकामा व्यापक छलफल भई सो प्रकृतिका बेरुजु नियमित गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ उपर छलफल गर्दा चैनपुर नगर अस्पताल विधेयक, २०८१ लाई १६ औं नगर सभामा स्वीकृतिका पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ उपर छलफल गर्दा सामाजिक विकास समितिको मिति २०८१।१०।२० गतेको बैठक अनुसार तपसिल बमोजिमको नयाँ योजना माग भएको हुँदा १६ औ नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | विनियोजन गर्नुपर्ने रकम | कैफियत (संशोधन थप गर्नु पर्ने) |
|---|---|---|---|---|
| १ | **जनतासंग नगरप्रमुख स्वास्थ्य कार्यक्रम** | | १,५०,०००/- | १.मेडिकल अफिसरको नियुक्ति पछि साविकका स्वास्थ्य चौकीमा प्रत्येक महिनाको एक पटक मे.अ.मार्फत विरामी जाँच गर्ने व्यवस्था **(जनतासंग नगरप्रमुख स्वास्थ्य कार्यक्रम)** |
| २ | प्रसुति प्रतिक्षालयका लागी खाद्यान्न व्यवस्थापन | | ४०,०००/- चालिस हजार | नुनढाकी स्वा.चौ. चैनपुर आधारभुत अस्पताल र वानेश्वर स्वा.चौ.मा |

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ उपरका विविध विषयहरूमा निम्न अनुसार छलफल गरी निर्णय गरियो।

क. विषयगत समितिका प्रतिवेदन उपर छलफल गरी १६ औं नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

ख. १५ औं नगर सभाबाट विनियोजित खर्च शिर्षकको नाम नगर सभा नबसेको बेला संशोधन गर्न वा थपघट गर्नु पर्ने भए कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरिदिन १६ औं नगर सभामा माग गर्ने निर्णय गरियो।

ग. कोशी प्रदेशको आ.व. २०८१।०८२ को वार्षिक बजेटमा नवज्योती खेल मैदान विस्तार चैनपुर-५ हुनु पर्नेमा नवज्योती खेल मैदान विस्तार मादी-५ भएकाले मादी नगरपालिकाको पत्र संख्या ९६८ अनुसार उक्त योजना मादि नगरपालिका संखुवासभामा नरहेको व्यहोराको पत्र सामाजिक विकास मन्त्रालय कोशी प्रदेशमा पठाएको हुँदा सो योजनाको नाम नवज्योती खेल मैदान विस्तार चैनपुर-५ संशोधन गर्न सम्बन्धित निकायमा अनुरोध साथ सिफारिस गर्ने निर्णय गरियो।

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १२

मिति-२०८१।१०।२१ गते सोमवार

बैठक प्रारम्भ- बिहान ८:०० बजे

घ. चैनपुर नगरपालिकाका प्रमुख श्री कृष्ण कुमार तामाङ कार्यालयको कामले संघीय राजधानी काठमाडौं स्थित बिभिन्न मन्त्रालयहरुमा योजनाहरु पेश तथा मागका लागि जाने हुँदा मिति २०८१।१०।२४ गते देखि ३० गतेसम्मका लागि भ्रमण स्वीकृत गर्ने निर्णय गरियो।

ङ. स्थानिय निर्देशक समितिमा छलफल भई पेश भएको रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

च. आ.व २०८१/०८२ मा चैनपुर नगरपालिकामा प्र.म.रो.का अन्तर्गत देहाय बमोजिमका आयोजनाहरु सञ्चालन गर्न नगरसभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो।

| वडा नं | आयोजनाको नाम |
|---|---|
| १ | विहिवारे डाँडा गाउँ पदमार्ग मर्मत तथा निर्माण |
| २ | ताङ्लेवा झरना जाने पैदल मार्ग निर्माण |
| ३ | पोखरी टावर डाँडा र भाङटार सडक स्तरोन्नती |
| ४ | सरस्वति मा.वि देखी सिद्धकाली स्वास्थ्य चौकी जाने पैदल मार्ग निर्माण |
| | सिंहेश्वरी आ.वि. बतासे भवन मर्मत |
| ५ | डाँगीगाउँ पोखरी सडकनाली सरसफाई |
| | दलपेटार खेलमैदान पैदलमार्ग निर्माण |
| ६ | गडी पार्क सरसफाई तथा वृक्षरोपण |
| | ६ नं वडा भित्रका सडक नाली सरसफाई |
| ७ | नापि देखी देउराली जाने सडक,जोगीडाँडा अम्बोटे सडक,कालापानी हाङलुङ हुँदै पुरानो चैनपुर सडक नाली सरसफाई |
| ८ | पाले कुवा जाने गोरेटो बाटो मर्मत |
| | दंगाली गाउँबाट राउतगाउँ सडक नालि निर्माण |
| | दंगाली गाउँबाट चापाभुई नालि निर्माण तथा सरसफाई |
| | दंगाली गाउँबाट कटहरे सडक नालि निर्माण |
| | अरुणथान सागुरी सडक नाली निर्माण |
| ९ | ९ नं वडा भित्रका सडक नाली व्यवस्थापन |
| १० | कल्लेरी स्कुल देखी थिङगाउँ पुछर सम्म सडक सरसफाई र नाली निर्माण |
| ११ | चैनपुर ११ को विभिन्न स्थानमा सडक नाली मर्मत |

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक १०:३८ बजे यही अन्त्य गरियो।